# न्याय परिषद् सचिवालय
रामशाहपथ, काठमाडौं

सचिव : ४२००७७८
सह-सचिव (प्रशासन) : ४२००७८१
सह-सचिव (उजुरी) : ४२००७८२
कार्यालय : ४२००७७५
: ४२००७७६
: ४२००७७७
फ्याक्स : ४२००७७९

पत्र संख्या :- ०७९/८०
चलानी नं. :- ५९

मितिः- २०७९।०४।१३

विषयः- सूचना प्रकाशन सम्बन्धमा ।

महान्यायाधिवक्ताको कार्यालय
मुल दर्ता नं. १०३०
दर्ता मिति ४।१५
फाँटको दर्ता नं.

श्री महान्यायाधिवक्ताको कार्यालय,
रामशाहपथ, काठमाडौं ।

न्याय परिषदको मिति २०७९।४।१० गतेको निर्णयानुसारको उच्च अदालतका न्यायाधीशको पदमा पदपूर्ति सम्वन्धी सूचना यसैपत्रसाथ संलग्न गरी त्यस कार्यालयको वेभसाइटमा प्रकाशनको लागि पठाइएको बेहोरा निर्देशानुसार अनुरोध छ।

(रमेश आचार्य)
शाखा अधिकृत

श्री प्रशासन
४।१५
'website' मा राख्नु

सूचना प्रकाशन मितिः २०७९।०४।११

# न्याय परिषद सचिवालयको सूचना!

न्याय परिषदको मिति २०७९।०४।१० गतेको निर्णयानुसार नेपालको संविधानको धारा १४० को उपधारा (२) बमोजिम उच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेका इच्छुक व्यक्तिले देहाय बमोजिमको रिक्त पदमा न्यायाधीश नियुक्तिको प्रक्रिया सम्बन्धी निर्देशिका, २०७९ को अनुसूची-१ बमोजिमको ढाँचामा अनुसूची-२ बमोजिमको स्वघोषणापत्र समेत संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १० (दश) दिन भित्र न्याय परिषद सचिवालयमा आवेदन दिनुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै कानून व्यवसायीको मध्येबाट आवेदन गर्ने व्यक्तिहरुले निर्देशिकाको दफा ५ उपदफा (२) को (ग) बमोजिम दश वर्षको कम्तिमा वार्षिक पाँचवटा फैसला वा आदेशका दरले कम्तिमा एकसय फैसला वा अन्तिम आदेशको प्रतिलिपी र तीन वर्षको कानून व्यवसायबाट आर्जित आयमा तिरेको कर सम्वन्धी विवरण र कानूनको अध्यापन अन्वेषण वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा काम गरेका व्यक्तिको हकमा विषयवस्तुको ज्ञान, पेशागत तथा नैतिक आचरण, सार्वजनिक जीवनमा निजले आर्जन गरेको ख्याति, कानून र न्यायको क्षेत्रमा अध्ययन तथा अनुसन्धानबाट पुऱ्याएको उल्लेखनीय योगदान, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलमा कानून र न्यायको क्षेत्रसँग सम्वन्धित विषयमा प्रकाशित कम्तिमा दशवटा अनुसन्धानमूलक लेख तथा रचना आवेदन साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

| क्र.सं. | सूचना नम्बर | पद | पद संख्या | दरखास्त वुझाउने स्थान |
|---|---|---|---|---|
| १. | ०००१/०७९-८० | न्यायाधीश, उच्च अदालत | २७ (सत्ताइस) | न्याय परिषद सचिवालय |